# रामपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

च.नं.

प.सं. ०८२/८३

फोन नं. ०७५४००१४५

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८२/०४/१२, ने.सं. ११४५ गुँल्लाथ्व ४, सोमवार)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ ।यस कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एस.डी.सीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम अन्तर्गत रामपुर नगरपालिका, पाल्पामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजीकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्न, मनोसामाजिक परामर्श सेवा, वित्तिय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापननं. | पद | मागसंख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह) | १ | ▪ मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्यानुभव भएको।<br>▪ स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।<br>▪ नेपाली र अंग्रेजी दवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । |
| २ | ०२/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग / मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

मुकुन्द पण्डित
प्रमुख प्रशासकीय अधिकृत

# रामपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. ०८२/८३

फोन नं. ०७५४००१४५

| | | | | |
|---|---|---|---|---|
| ३ | ०३/०८२/०८३ | रिटर्नी स्वयंसेवक | २ | ▪ न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । ▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। ▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । ▪ नेपाली भाषा जानेको र स्थानीय हुनु पर्ने छ । ▪ नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

- कार्य अवधिः हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।
- परीक्षाको किसिम : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता (रिटर्नी स्वयंमसेवकको लिखित र अन्तरवार्ता मात्र)
- दस्तुर शुल्कः विज्ञापन नं. ०१/०८२/०८३, ०२/०८२/०८३ को हकमा रु ७०० र विज्ञापन नं. ०३/०८२/०८३ को हकमा रु २००
- तलब तथा अन्य सुविधाः कार्यक्रमको नियमानुसार।
- आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको तीन प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।
- दरखास्त दिने अन्तिम मिति : २०८२/०४/२६ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
- दरखास्त फाराम पाउने स्थानः रामपुर नगरपालिकाको कार्यालय प्रशासन शाखा
- परीक्षा हुने मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ ।
- परीक्षाको पाठयक्रम नगरपालिकाको Website:rampurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
- सम्पर्क नं. ९८५७०३६६२३, ९८५७०७४१४५, फोन नं. ०७५४००१४५

२०८२।४।१२

पदपुर्ति समिति
रामपुर नगरपालिका